TUTA/IOE/PCU

*Journal of the Institute of Engineering*
*July 2019, Vol.* ***15 (No. 2):*** *236-241*
*© TUTA/IOE/PCU, Printed in Nepal*

# नेपालमा इन्जिनियरिङ् शिक्षा प्रदान गर्ने विश्वविद्यालय र अपाङ्गता

**न्हूछेनारायण श्रेष्ठ**
**इन्जिनियरिङ् अध्ययन संस्थान, पुल्चोक, त्रिभुवन विश्वविद्यालय, नेपाल**

**Received:** *Dec 3, 2018* **Revised:** *Jan 28, 2019* **Accepted:** *Feb 1, 2019*

**सारांश:** विश्व एक्काइसौ शताब्दीमा प्रवेश गरे संगै शिक्षामा पनि आमूल परिवर्तन गर्दै प्राविधिक शिक्षा र व्यावहारिक शिक्षालाई समय सापेक्ष परिवर्तन गर्दै देश सुहाउंदो, देशको लागि आवश्यक पर्ने दक्ष, प्राविधिक जनशक्ति उत्पादन गर्ने मूल ध्येय नेपालमा खोलीएका ६ वटा विश्वविद्यालयको कांधमा रहेको छ । नेपालमा खोलीएका प्राविधिक बिषय अध्ययन अध्यापन हुने विश्वविद्यालयहरु विश्व प्रतिष्पर्धी, समय सुहाउंदो हुनु आवश्यक रहेको छ । नेपालको संविधान २०७२ अनुसार नेपालमा अपांगता भएका हरुलाई उचित रुपमा शिक्षा प्रदानका लागि राज्यलेनै महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । अहिलेको युग भनेको सूचना र प्रविधिको युग हो । अहिलेको वर्तमान समयमा बिज्ञान तथा प्रबिधी अन्तरगतको इन्जिनियरिङ शिक्षाको महत्व नेपालमा मात्र नभई विश्वमानै उच्च रहेको छ । अहिले पनि दक्ष र क्षमतावान प्राविधीकहरुको माग संसार भरीनै बढेको तथ्याङ्कहरुबाट देख्न सकिन्छ । भौगोलिक रुपमा अविकसित राष्ट्र नेपालमा अहिले सम्म पनि गुणस्तरिय प्राबिधिकहरुको निकैनै खांचो देखिन्छ । भुकम्पले ध्वस्त भएका पुराना संरचनाको पुनःनिर्माण र नयां संरचनाको बिकास, जलस्रोतको धनि साथै सूचना तथा प्रबिधिमा खासै फड्को मार्न नसकेको अवस्थामा नयाँ संविधान मार्फत देशको राजनीतिक तथा भौगोलिक परिवर्तन संगै देशमा प्राबिधीक दक्ष जनशक्तिको आवश्यकता बढ्दै गएको र नेपाल सरकारको समृद्धि र विकासलाई सार्थक तुल्याउन समेत प्राविधिकहरुको ठूलो हात रहेको हुन्छ । नेपालको संविधानले अपांगता भएकाहरुलाई समानताको, शिक्षा सम्बन्धी मौलीक हकको व्यबस्था गरेको छ र ती प्रावधानहरु कार्यान्वयन गर्नु सबैको कर्तव्य पनि हो । नेपालमा अपांगमैत्री भौतीक संरचनाहरु निर्माणका लागि पाठ्यपुस्तकमै समावेश गर्नुपर्ने र व्यवहारमा समेत लागु गर्दै जानुपर्ने टड्कारो आवश्यकता रहेको छ अतः प्राविधिक बिषय अध्ययन अध्यापन गराउने विश्वविद्यालयहरुले इन्जिनियरिङ् शिक्षा सहजरुपमा प्रदान गर्नका लागि अपांगता भएकाहरुलाई भौतीक संरचना लगायत पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याउनु अपरिहार्य रहेको छ ।

## १. परिचय

त्रिभुवन विश्वविद्यालय नेपालकै पुरानो र सबैभन्दा जेठो विश्वविद्यालय हो । सन् १९५९ मा स्थापित विश्वविद्यालयको ३८ वटा केन्द्रिय विभाग, ४ वटा अनुसन्धान केन्द्र, पांच वटा अध्ययन संस्थान, ४ वटा संकाय, ६१ वटा आंगिक क्याम्पस र १ हजार ५३ वटा सम्बन्धन प्राप्त कलेजहरु देशैभर उच्च शिक्षा प्रदान गर्नका लागि त्रि.वि. ऐन २०४९ बमोजिम स्थापना भएका छन् ।[१] विज्ञान तथा प्रविधि अन्तर्गतको इन्जिनियरिङ् शिक्षाको महत्व देशमा मात्रै नभई विश्वमा नै उच्च छ र क्षमतावान प्राविधिकहरुको माग संसार भरी नै बढेको तथ्यांकहरुबाट देख्न सकिन्छ ।[२] देशको समग्र विकासका लागि आवश्यकपर्ने सक्षम जनशक्ति तयार पार्न, कला, संस्कृति र परम्पराको संरक्षण गर्न, ज्ञान, विज्ञान तथा प्रविधिका क्षेत्रमा सामाजिक अध्ययन अनुसन्धानमा संलग्न रहने जस्ता घोषित उद्धेश्य पुरा गर्न त्रिभुवन विश्वविद्यालयको भूमिकालाई कुनै हालतमा पनि नजरअन्दाज गर्न सकिंदैन् ।[३] नेपालमै सबै भन्दा पहिले प्राविधिक तर्फ इन्जिनियरिङ् अध्ययन संस्थानको स्थापना इ.सं. १९७२ मा भई प्राविधिक शिक्षाको सुरुवात गरेको इतिहास रहेको छ ।[४] नेपाल सरकारको सबैलाई समान शिक्षा दिने उद्धेश्यलाई सार्थकता तुल्याउनकै

लागी  नेपालको संघीय संरचना अनुरुप सातवटै प्रदेशमा कम्तीमा एक वटा विश्वविद्यालय हुनुपर्ने कुरालाई मध्यनजर गरी सातवटै प्रदेशमा विश्वविद्यालय स्थापना गरी शिक्षामा सबैको पहुंच पुऱ्याउने सकारात्मक कार्य नेपाल सरकारले गरेको छ ।

## २. नेपालमा खोलिएका विश्वविद्यालयहरु

नेपाल सरकारको बहुविश्वविद्यालयको अवधारणा अनुरुप वि.सं. २०४७ साल पछि मात्र नयां नयां  विश्वविद्यालयहरु स्थापना भएका हुन । नेपालमा बि.सं. २०४७ अघि त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालय मात्रै रहेका थिए ।[५] हाल नेपालमा रहेका विश्वविद्यालयहरुमा त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदुरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालय सञ्चालनमा रहेका छन् । त्रि.वि. बाहेकका अन्य विश्वविद्यालयहरु स्थापना भएता पनि विद्यार्थीहरुको चाप भने त्रि.वि. मा घट्नसकेको छैन् । नेपालमा खोलीएका विश्वविद्यालयहरु सम्बन्धित विश्वविद्यालय ऐन अन्तर्गत संचालन भएका छन् । स्थापना भएका प्रायः विश्वविद्यालयहरुले गुणस्तरीय शिक्षा र शिक्षामा बैज्ञानिकीकरण गर्ने प्रतिवद्धता समेत जनाएका छन् ।

## ३. नेपालमा खोलिएका विश्वविद्यालयहरुमा रहेको प्राविधिक शिक्षा

नेपालमा इन्जिनियरिङ् तर्फको प्राविधिक जनशक्ति उत्पादनमा छ वटा विश्वबिद्यालय सञ्चालनमा रहेका छन । त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, पोखरा विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय रहेका छन् । छ वटा विश्वविद्यालयहरुले प्राविधिक क्षेत्रमा उल्लेख्य भूमिका खेलेता पनि ठुलो संख्यामा अध्ययन गर्नेहरुको रोजाई भने त्रिभुवन विश्वविद्यालय नै रहेको देखिन्छ । नेपालको सबै भन्दा ठूलो र पूरानो विश्वबिद्यालयको रुपमा चिनिंदै आएको त्रिभुवन विश्वबिद्यालय अन्तर्गत इन्जिनियरीङ् अध्यान संस्थानका आफ्ना आङ्गिक क्याम्पस र संम्बन्धन प्राप्त कलेजहरुमा गरि हाल जम्मा ४१७६ जना बिद्यार्थी भर्ना गर्न सक्ने क्षमता रहेको छ। काठमाडौं विश्वबिद्यालय, पोखरा विश्वबिद्यालय, पुर्वाञ्चल विश्वबिद्यालय, मध्यमाञ्चल विश्वबिद्यालय र लुम्विनी बौद्ध विश्वबिद्यालयहरुमा प्रत्येक बर्ष विभिन्न बिधाका प्राविधिकहरु उत्पादन गर्दै आइरहेको छ । लुम्बिनी बौद्ध विश्वविद्यालयले संचालन गर्दै आईरहेको इन्जिनियरिङ बिषय सम्मानित सर्वोच्च अदालतको आदेशबाट हाल भर्ना भएका विद्यार्थीहरु बाहेक अन्य भर्ना नगर्न आदेश आएपछि प्राविधिक बिषय अध्ययन अध्यापनका लागि ढोका बन्द भएको छ । हुन पनि लुम्बिनी बौद्ध विश्वविद्यालयले आफ्नो ऐनको उद्धेश्य र भावना विपरीत इन्जिनियरिङ् बिषयको सुरुवात गरेको थियो ।  प्राविधिक बिषय इन्जिनियरिङ बिषय भित्र पनि स्नातक तह र स्नातकोत्तर तहमा विभिन्न बिषय संग सम्बन्धित बिषयहरुको अध्ययन अध्यापन गराउंदै  स्नातक तथा स्नातकोत्तर तहको बिषय नेपालमै अध्ययन अध्यापन गरी दक्ष प्राविधिक उत्पादन हुंदै आइरहेका छन । उत्पादीत दक्ष प्राविधिकहरु देश तथा विदेशका विभिन्न निकायहरुमा कार्यरत रहेका छन् । प्राविधिक बिषय पढाई हुने विश्वविद्यालयहरुमा अन्य संकायहरुमा भन्दा इन्जिनियरिङ बिषय बिषयमा उत्तीर्ण प्रतिशत बढीरहेको विभिन्न तथ्यांकहरुले देखाइरहेका छन् । इन्जिनियरिङ् बिषय शिक्षाले अहिले सम्मको अवस्थामा आइपुग्दा थुप्रै महत्वपूर्ण उपलब्धीहरु हांसील गरेको छ । नेपालमा उत्पादीत प्राविधिकहरुले देशका विविध क्षेत्रहरु सडक, पुल, भवन लगायतका भौतीक संरचनाका क्षेत्रहरुमा उल्लेख्य प्रगति गरेको देखिन्छ । बिकासोन्मुख देश नेपालको लागि बिश्वस्तरका प्राविधिज्ञहरुको माग बढिरहेकै अवस्था हो । समाज निर्माणको आधारशिला भनेकै देश भित्रै उच्च स्तरिय प्राविधिक जनशक्ति निर्माण गर्नु हो ।

## ४. नेपालमा खोलिएका विश्वविद्यालयहरुमा रहेको प्राविधिक शिक्षाका समस्या र समाधानका उपायहरु

विश्वबिद्यालयहरुले इन्जिनियरिङ् बिषयलाई बैज्ञानिककरण, गुणस्तरिय शिक्षा प्रदानका लागि दिगो व्यवस्थापन, भौतीक पुर्वाधार, ल्याव इक्युपमेण्ट र भावी शैक्षिक योजनाहरु बनाउनु अतिआवश्यक पर्दछ । इन्जिनियरिङ्

शिक्षामा विद्यार्थीहरुको बढ्दो आकर्षण संगै अपेक्षाकृत जनशक्ति उत्पादनका लागी शैक्षिक संस्थाहरु जिम्मेवार भएर अघि बढ्नुपर्ने आवश्यकता रहेको छ । नेपाल सरकारले प्राविधिक शिक्षालाई बिशेष महत्व दिई शिक्षित बेरोजगारको अन्त्य गर्दै अघि बढ्नुका साथै उचित रोजगारी स्वदेशमै दिनसक्नु पर्दछ । सरकारले इन्जिनियरिङ् शिक्षालाई व्यवस्थित, पारदर्शी, मितव्ययी बनाउन र इन्जिनियरिङ् अध्ययनका लागि विदेशिने विद्यार्थीहरुलाई रोक्नका लागि नेपाल सरकारले ठोस योजना र कार्यक्रम ल्याउनु अपरिहार्य भैसकेको छ । नेपालमा इन्जिनियरिङ् शिक्षालाई सबैको पहुंचमा पु-याउनका लागि नेपाल इन्जिनियरिङ् परिषदले ठोस रुपमा पाइला चाल्नु आवश्यक रहेको छ । नेपालमा खुलेका इन्जिनियरिङ् बिषयलाई स्वच्छ, पारदर्शी, बैज्ञानिकीकरण गर्नका साथै इन्जिनियरिङ् पेशालाई व्यवस्थित गर्नका लागि नेपाल इन्जिनियरिङ् परिषदले आचार संहिता ल्याएको र समय समयमा अनुगमन गर्ने गर्नुका साथै इन्जिनियरिङ् उत्तीर्ण गरेका प्राविधिकहरुलाई इन्जिनियरको प्रमाणपत्र समेत प्रदान गर्दै आइरहेको छ ।६ अहिलेको वर्तमान अवस्थामा इन्जिनियरिङ् परिषदको कार्यशैली, योजना र कार्यक्रमहरु लक्षित वर्गसम्म पु-याउन कुनै कसर बांकी राख्नु उचित हुनसक्दैन् । नेपालमा खोलीएका इन्जिनियरिङ् विषयलाई ब्यबस्थित गर्नका लागि नेपालमा इन्जिनियरिङ् विश्वविद्यालय खोली प्राविधिक बिषयको  मात्रै अध्ययन अध्यापन गर्ने तथा उपकुलपति, डीन लगायतका पदहरुमा बरिष्ठताका आधारमा गरिनुपर्ने, विश्वविद्यालयहरुमा हुने राजनीतिक हस्तक्षेप बन्द गर्ने परम्पराको थालनी हुनुपर्दछ ।

## ५. नेपालको संविधानमा अपांगता सम्बन्धी गरिएका ब्यबस्थाहरु

नेपालको संविधान २०७२ को धारामा समानताको हकको ब्यबस्थामा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गराईने छैन भन्ने उल्लेख गरिएको छ भने उपदफा २ मा सामान्य कानूनका प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, जाति, लिंग, शारिरीक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने ब्यबस्था गरिएता पनि व्यवहारमा भने त्यसो हुनसकिरहेको छैन् । संविधानको धारा ३१ शिक्षा सम्बन्धी हकको ब्यबस्थामा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुंचको हक हुनेछ, उपदफा ३ मा अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकहरुलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ, उपदफा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्व वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ, धारा ४२ मा सामाजिक न्यायको हक, सोही दफाको उपदफा ३ मा समेत अपांगता सम्बन्धी विविध ब्यबस्था गरिएता पनि वास्तविक अपांगता भएकाहरुले अझै सम्म सहज रुपमा ति हकाधिकार को प्रयोग गर्न सकिरहेका छैनन् । ति हकाधिकार प्राप्तीका लागि समेत सरकारले अपांगता भएकाहरुलाई अध्ययन गर्ने भौतीक संरचनाहरु, कक्षाकोठा, पुस्तकालय, शौचालयहरु, सडकहरु अपांगता भएकाहरुको पहुंच सम्म पुग्ने गरी निर्माण हुनसकीरहेका छैनन् । शिक्षा सम्बन्धी चौधौं पंञ्चबर्षिय योजनामा पनि अपांगता भएकाहरुलाई शिक्षामा अगाडी बढाउनका लागि विभिन्न प्रावधानहरु राखीएका छन् । नेपाल सरकारले ती प्रावधानहरुलाई अक्षरसः पालना गर्दै अघि बढ्नुपर्ने टड्कारो आवश्यकता दरहेको देखिन्छ । स्पष्ट रुपमा भन्ने हो भने सरकारले अपांगता सम्बन्धी विभिन्न ऐन, नियमहरु निर्माण गरिएता पनि वास्तविक रुपमा उनीहरु शिक्षा, स्वास्थ्य, रोजगार लगायत विभिन्न हकाधिकार बाट वंचित भएका देखिन्छन् । शिक्षा देशको मेरुदण्ड हो । सबैको लागि समान शिक्षा नारालाई सार्थकता प्रदान गर्नका लागि नेपाल सरकारले अपाङ्गता सम्बन्धी गरेका कानूनहरुको पालना र राष्ट्रिय, अन्तराष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ६. नेपालको खोलिएका विश्वविद्यालयहरुमा अपांगता सम्बन्धी समस्याहरु र समाधानका उपायहरु

नेपालमा हाल इन्जिनियरिङ् तर्फको प्राविधिक जनशक्ति उत्पादनमा ६ वटा विश्वविद्यालय संचालनमा रहेका छन् तर ति विश्वविद्यालयका केन्द्रिय कार्यालय र आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस, कार्यालयहरु अहिले सम्म पनि अपाङ्गमैत्री हुनसकिरहेको छैन्, जस्का कारण अपाङ्गता भएकाहरुले सहज रुपमा अध्ययन गर्न पाउने हक उपभोग

गर्नबाट वंचित भएका छन् । नेपाल सरकारले अपाङ्ग, महिला, आदिवासी, जनजाती, पिछडीएका बर्गलाई आरक्षणको व्यवस्था गरीदिएको र तिनकै आधारमा विभिन्न विश्वविद्यालयहरुले ति सुविधाहरु प्रदान गरीरहेका छन् । नेपालमा रहेका विश्वविद्यालयहरुका भवनहरु अपांगमैत्री हुनसकिरहेका छैनन् जस्का कारण अपांगता भएकाहरुले सहजै शिक्षा आर्जन तथा प्रशासनिक कार्यहरु हुनसकिरहेका छैनन् । बि.सं. २०७२ को भूकम्प पछि पुर्ननिर्माण गरिएका भवनहरु समेत अपाङ्गमैत्री हुनसकेका छैनन् । दक्ष प्राविधिकहरु उत्पादन गर्ने विश्वविद्यालयहरुले अब बन्ने भवन, संरचनाहरु अपांगमैत्री निर्माणका नेपाल सरकारले उचित प्रबन्ध मिलाउनु आवश्यक रहेको छ । अपांगमैत्रीको शुरुवात अहिले पनि गर्न सकिएन भने त्यो विदम्बनाका बिषय बन्नसक्दछ । किनकी २०७२ को भुकम्प पछि नेपालमा हालसम्म थुप्रै भौतीक संरचनाहरु निर्माण भैसकेका छन, पुननिर्माण भैसकेका छन जस्ले नेपालमा उत्पादीत दक्ष प्राविधिक जनशक्ति इन्जिनियर नेपालमै रहेको पुष्टी समेत गरिदिइसकेको छ । पुनःनिर्माण प्राधिकरणले यस समयमा अपांगमैत्री भवन निर्माणका लागी आवश्यक पहल गर्नु आवश्यक रहेको छ। अझै पनि थुप्रै भुकम्पबाट क्षती भएका घर, भवन, विद्यालय, अस्पताल, सडकहरु निर्माण गर्न बांकी नै रहेका छन् यी संरचनाहरु अपांगमैत्री बनाउनका लागि विश्वविद्यालयबाट उत्पादीत प्राविधिकहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ। राजधानीमा रेल, मोनोरेल, विद्युतीय सवारी साधनको विषयले प्राथमिकता पाए संगै सबै नागरिकहरु जस्तै अपांगता भएका व्यक्तिहरुको पहुंच पुग्नसक्ने खालको पुर्वाधार हुनु आवश्यक रहेको देखिन्छ। ति कुराहरुको व्यवस्था गर्नका लागी इन्जिनियरिङ् सम्बन्धी अध्ययन अध्यापन गराउने विश्वविद्यालयहरुको महत्वपूर्ण भूमिका हुनुपर्दछ र ति विश्वविद्यालयले आफ्नो पाठ्यक्रममा समय सापेक्ष पि मार्जन गरी अपाङ्गता सम्बन्धी बिषयबस्तुलाई प्राथमिकता दिंदै भौतीक पूर्वाधारका क्षेत्रहरु सडक, भवन, सार्वजनिकशौचालय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा अपांङ्गता भएकाहरुले सहजरुपले उपभोग गर्नसकिने गरी पाठ्यक्रम तयार गरी लागू गर्ने तथा उनीहरुलाई अध्ययन अध्यापनका लागि अपांगमैत्री भवनको निर्माण हुनुपर्ने आवश्यकता समेत रहीआएको छ। अपाङ्गता भएकाहरुले अवसर पाएको खण्डमा कुनै सपांङ्ग सरह कार्य गर्नसकिने उदाहरण हामी माझ नभएका होईनन्। जबसम्म मानिसमा अपाङ्गता सम्बन्धी हेरिने दृष्टिकोण परिवर्तन हुंदैन तबसम्म राज्यले उन्नती, प्रगति हुनसक्दैन् । अपांङ्गता भएकाहरुलाई सार्वजनिक स्थानमा गरिने र्दुव्यवहार अन्त्य गर्नुपर्ने आजको आवश्यकता रहेको छ । अहिलेको अवस्थामा स्थानीय सरकार, संघीय सरकार र केन्द्रिय सरकारले इन्जिनियरिङ् शिक्षालाई अझ व्यवस्थित पारदर्शी बनाई इन्जिनियरिङ् विश्वविद्यालय खोल्नुपर्ने सर्वसुलभ रुपमा प्रदान गर्ने तर्फ आफ्ना पाइला अगाडी बढाउनु पर्दछ। अपाङ्गता भएका व्यक्तिहरुले राज्यले समयानुकुल उनीहरुमै आधारित भएर ब्रेललिपी, सांकेतिक कक्षाहरु समावेस गरीएका पाठयक्रमहरुमा आधारित भएर शिक्षण विधि अपनाउनुपर्ने आवश्यकता रहेको छ । नेपाल सरकारले दश थरीका अपाङ्गता भएको पुष्टि गरेको छ र तिनीहरुलाई राज्यले सुविधा समेत प्रदान गरीरहेको जनाएको छ । उक्त सुविधा पाउनको लागि समेत भनसुन, राजनैतिक पहुंच हुनुपर्ने नराम्रो व्यवहार हामी सामु रहेकै छन् । अपाङ्गता भएका आरक्षणका सिटहरुमा नक्कली परिचयपत्र बनाएर सरकारी सुविधा र रोजगारी समेत हत्याएका घटना नभएका भने होइनन् । वि.सं. २०७२ मा गएको महाभूकम्पको समयमा थुप्रै नेपाली दाजुभाई दिदीबहिनीहरु अनाहकमै अपाङ्गता हुन पुगे भने बढ्दै गइरहेको सडक दुर्घटनाबाट समेत अपांगता हुनेहरु थपीदै गइरहेका छन्। वि.सं. २०४७ सालको जनआन्दोलन, २०५० साल पछिको ससस्त्र द्वन्द्वका समयमा तत्कालीन राज्य पक्ष र विद्रोही पक्षको आक्रमणमा परी अङ्गभङ्ग र शारीरीक अपाङ्गता भएका व्यक्तिहरु, वि.सं. २०६२/०६३ मा भएको दोश्रो जनआन्दोलनमा भएका घाइतेहरु, मधेश आन्दोलनमा भएका घाइतेहरु लगायत हालसम्मका विभिन्नखाले आन्दोलनहरुमा शारीरीक अपाङ्गता भएका व्यक्तिहरुको सरकारले उचित मुल्यांकन गर्नसकिरहेको छैन्। प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र आईसकेको र देश संघीयतामा गइसकेपश्चात पनि शारीरीक अपाङ्गता भएकाहरुको विषयमा संघीय सरकार, केन्द्र सरकार र स्थानीय सरकारहरुले उनीहरुको रोजगारी,पुर्नस्थापना, शिक्षामा खासै ध्यान दिएको पाईंदैन्। निर्वाचनका समयमा सपाङ्ग बराबरै आफ्नो हकाधिकार प्रयोगका लागी विभिन्न राजनितिक दलहरुले उनीहरुलाइ प्रयोग गरेकै थिए तर आज उनीहरुको आवाज बुलन्द गर्ने प्रतिनिधिहरु प्रदेश, केन्द्र सरकार र स्थानीय सरकारमा नहुनु विदम्बना नै हो । आम मानिसहरुले दृष्टिविहिन र ह्विलचेयरमा बस्नेहरु मात्रै अपाङ्गता भएका हुन भन्ने सोच जब सम्म परिवर्तन हुंदैन तबसम्म हाम्रो समाज, राष्ट्र परिवर्तन हुनसक्दैन् । कुनै पनि अपाङ्गता भएकाहरुलाई अवसर दिएको

खण्डमा कुनै सपाङ्गता भएको व्यक्तिले भन्दा क मगर्न नसक्ने उदाहरण हाम्रै नेपाली समाजमा नरहेका होईनन् । अपांगता भएकाहरुले कुनै न कुनै तवरबाट देशको नाम उंचो पार्ने कार्यमा सधैं अगाडी बढी नै रहेका छन् । हालै मात्र पृथ्वीको अध्ययन गर्ने अपाङ्गता भएका विश्व बैज्ञानिक हकिन्सले गरेको योगदानलाई कम आंकलन गर्नसकिंदैन् । हामीले वहांबाट समेत प्रेरणा लिन सक्दछौ तसर्थ अपाङ्गता गलत होईन भन्ने कुरा हामी सबैले बुझ्नु जरुरी रहेको छ ।

## ७. अपांगता सम्बन्धी ऐन, नियममा भएका व्यबस्थाहरु

नेपाल सरकारले अपाङ्गता भएका क्षेत्रमा गरेका कार्यहरु मध्ये अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, ९ यातायात तथा सवारी व्यवस्थापन ऐन २०४९, नियमावली २०५४, १० नेपाल वायुसेवा निगम ऐन २०१९, ११ राष्ट्रिय भवननिर्माण आचार संहिता २०६०, १२अपाङ्गगता सम्बन्धि राष्ट्रिय नीति तथा कार्य योजना २०६३, १३ सार्वजनिक यातायात आचार संहिता २०६३, १४ अपाङ्गगता भएका व्यक्तिका लागि पहुंचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ मा अपाङ्गता भएका व्यक्तिहरुको हकाधिकारको व्यवस्था गरिएको छ ८. तर ती कानूनहरु व्यवहारमा लागू हुनसकेको पाईंदैन् । देश संघीयतामा गईसकेपछि यीनको जानकारी र कार्यान्वयन स्थानीय सरकारले नै गर्नुपर्ने हो तर त्यसो हुन भने सकिरहेको छैन । नेपालले अपाङ्गगता सम्बन्धी UNCRPD, Incheon रणनीति 2013-2022, १६ जस्ता अन्तर्राष्ट्रिय सन्धीमा समेत हस्ताक्षर गरीसकेको परिप्रेक्ष्यमा राज्य कुनै पनि हालतमा , कुनै बहाना बनाएर पंछिनु उचित हुनसक्दैन् । अपाङ्गगता भएकाहरुलाई अहिलेको अवस्थामा सार्वजनिक भौतीक संरचना निर्माण, सार्वजनिक भवनहरु, यातायात, सुचना संचारका क्षेत्रहरु अपांगमैत्री हुनु आवश्यक रहेको छ । सरकारी भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सार्वजनिक सडक, सडक पेटी, यात्रु प्रतिक्षालय, पार्किङ्गस्थल, मनोरङ्गजन स्थल, सभा सम्मेलन केन्द्र, सिनेमा हल लगायतका सार्वजनिक स्थल र सर्वसाधारणलाई खुल्ला गरिएका सरकारी, व्यावसायिक, आवासिय भवन, होटल तथा रेष्टुरेण्ट, बैंकहरुको एटिएम जस्ता भौतिक संरचनाहरुमा उपयुक्त -याम्प, झ्याल, ढोका, गाइडिङ्ग लक, ब्रेल लिपी, संकेत चिन्हहरु लगायत दोभाषेको समेत व्यवस्था राज्यले गर्नुपर्दछ र उनीहरुको पहुंच अभिवृद्धी गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धी २००६, १५ नेपालको संविधान २०७२, अपाङ्गगता भएका व्यक्तिका लागि पहुंचयुक्त भौतिक संरचना तथा सञ्चार निर्देशिका २०६९ कडाईका साथ लागू गर्दै कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । यी कार्यहरु गर्नाका लागि इन्जिनियरिङ् अन्तर्गतका प्राविधिकहरुको महत्वपूर्ण हात रहने भएकोले इन्जिनियरिङ्गका पाठ्यक्रममा ति बिषयहरु समावेश गरी अध्ययन अध्यापन गराउनुपर्ने तड्कारो आवश्यकता रहेको देखिन्छ । सबै नागरिकहरु जन्मैदेखि स्वतन्त्र भई समान महत्व र अधिकार सम्पन्न हुन्छन र अपांगता भएका व्यक्तिहरु स्वतः ती अधिकारका हकदार हुने भएकोले उनीहरुको सम्माननपूर्वक बांच्ने तथा स्वतन्त्रता, सुरक्षा र समानताको अधिकारहरु हुने भएकोले राष्ट्र संघीय महासन्धी, विभिन्न घोषणापत्रहरु, विभिन्न घोषणापत्रहरु, मौलीक हकहरु प्रदान गर्दै आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा सहभागी गराउंदै अघि बढाउनको लागी महासंघ अघि बढीरहेको देखिन्छ । नेपालमा सरकारी क्षेत्रहरुमा आरक्षणको रुपमा प्रदान गरीएको सिटहरुको भरपुर प्रयोग गर्दै अघि बढ्नु पर्दछ भने अपाङ्गता सम्बन्धी जनचेतना जगाउन प्राथमिक लेवल देखीका पाठ्यपुस्तकहरुमा समावेश गरिनु पर्दछ ।

## ८. निष्कर्ष

अन्त्यमा भन्नुपर्दा "नेपालमा इन्जिनियरिङ् शिक्षा प्रदान गर्ने विश्वविद्यालय र अपाङ्गता"ले शिक्षा क्षेत्रमा महत्व दर्शाउंदै नेपालमा प्राविधिक क्षेत्रमा अपांगता सम्बन्धी भए गरेका व्यवस्थाहरुको ब्याख्या गरेको पाईनछ । देश संघीयतामा गइसकेको परिस्थितीमा अपांगता शिक्षालाई संविधानमै उल्लेख गरी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । नेपाली समाजमा मात्रै नभएर विश्वस्तरमा नै अपांगता सम्बन्धी समस्या समाधानका लागि प्राविधिक शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरुले आफ्नै भौतीक संरचनाहरु अपांगमैत्री हुनु आवश्यक रहेको छ भने विश्वविद्यालयहरुबाट उत्पादित प्राविधिकहरुले नयां बन्ने निजी, सरकारी भौतीक संरचनाहरु अपांगमैत्री निर्माण गर्नपर्ने र राज्यका विभिन्न निकायहरुमा पहल गर्नुपर्ने आवश्यकता रहेको छ ।

अपांगता भएकाहरुलाई ऐन, नियममा मात्रै सिमित नराखी तिनलाई शिक्षा र अवसर दिनसकेको खण्डमा र राष्ट्रलाई नै फाइदा पुग्दछ । नेपालमा खोलीएका प्राविधिक विषय अध्ययन गर्ने, गराउने संस्थाहरु २१औं शताब्दीमा समेत अपांगमैत्री हुनसकिरहेका छैनन्, नयां नयां पूर्वाधार, भौतीक संरचनाहरु अपांगमैत्री हुनसकिरहेका छैनन, अपांगमैत्री भौतीक संरचना सम्बन्धी पाठ्क्रम निर्माण गर्नुपर्ने आजको आवश्यकता पनि हो । अतः तिनलाई व्यवस्थि तगर्न गराउन, सर्वसुलभ रुपमा प्राविधिक शिक्षा पाउनका लागि पाठ्यक्रममै समावेश गरी अघि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

## सन्दर्भ सामंग्री

१. त्रि.वि. ऐन २०४९
२. नेपालको इन्जिनियरिङ् शिक्षा प्रणाली र अध्ययन संस्थानको भूमिका- त्रि.वि. ५९ औं बार्षिक दिवस विशेषाङ्क
३. त्रि.वि. दीक्षान्त भाषणहरुको सङ्ग्रह(२०१७-२०७४)
४. इन्जिनियरिङ् अध्ययन संस्थान भर्ना पुस्तिका
५. त्रि.वि. सेवा दिग्दर्शन २०७४, विदुर दाहाल
६. नेपाल इन्जिनियरिङ् परिषदले आचार संहिता
७. नेपालको संविधान २०७२,
८. अपाङ्गगता भएका व्यक्तिका लागि पहुंचयुक्त भौतिक संरचना तथा सञ्चार निर्देशिका २०६९
९. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४
१०. यातायात तथा सवारी व्यवस्थापन ऐन २०४९, नियमावली २०५४,
११. नेपाल वायुसेवा निगम ऐन २०१९,
१२. राष्ट्रिय भवननिर्माण आचार संहिता २०६०,
१३. अपाङ्गगता सम्बन्धि राष्ट्रिय नीति तथा कार्य योजना २०६३,
१४. सार्वजनिक यातायात आचार संहिता २०६३,
१५. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धी २००६,
१६. नेपालले अपाङ्गगता सम्बन्धी UNCRPD, Incheon रणनीति 2013-2022,